# प्रेस बिज्ञप्ती

मिति: २०८०/०१/३०

इटहरी उपमहानगरपालिका क्षेत्रका २० (बीस) वटै वडाहरुमा भएको विपद तथा बाढीबाट क्षती भएका सडक तथा बाटाहरु पुर्ने कार्य, वर्षातको समयमा हुन सक्ने बाढीबाट हुन सक्ने सम्भावित क्षतिहरु न्युनीकरण गर्न वर्षा अगावै खोला च्यालनिङ गरी इटहरीलाई डुवान हुन नदिन तथा सडक मर्मत सम्भार गर्ने कार्य र हिलोमुक्त गर्ने अभियान अन्तर्गत स्थानीय जनताको माग र आवश्यकताका आधारमा यस उपमहानगरको भुगोल क्षेत्रभित्र रहेको वुढी खोलाबाट मिक्सगिट्टी उत्खनन गरी टोल बस्तीस्तरका सडक मर्मत गर्ने कार्य भएको व्यहोरा सम्वन्धित सबैमा जानकारी गराउन चाहन्छु । नेपालको संविधानको अनुसुची-९ को ७ नं. बुंदामा वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग्य, वातावरण पर्यावरण तथा जैविक विविधता तीनै तहको सरकारको साझा सूचीमा रहेकोले मिति २०७९।८।२१ को नगर कार्यपालिकाले स्वीकृत गरेको इटहरी उपमहानगरपालिको संक्षिप्त वातावरणीय परीक्षण अध्ययन प्रारम्भिक वातावरण प्रतिवेदन प.चं. ०७९।८० च.नं. ४८५० मिति २०८०।०१।२७ को पत्र पर्यटन, वन तथा वातावरण मन्त्रालयमा सहमतिका लागि अनुरोध गरिएको व्यहोरा जानकारी गराइन्छ । वर्षाद्को समय नजिकिदै गएको अवस्थामा तत्काल विपद तथा बाढीबाट क्षती भएका सडक तथा बाटाहरु पुर्ने कार्य तथा सडक मर्मत सम्भार गर्ने कार्यमा वुढी खोलाको सामुदायिक वन क्षेत्रमा रहेको खोला क्षेत्रबाट इटहरी उपमहानगरपालिकाद्वारा मिक्सगिट्टी ढुवानी गरी विपद तथा बाढीबाट क्षतीहरु भएका सडक तथा बाटाहरु पुर्ने कार्य तथा सडक मर्मत सम्भार गर्ने कार्य तथा अन्य आवश्यक रहेको स्थानहरुमा मिक्सगिट्टी ढुवानी गरी रहेको अवस्थामा मिति २०८० साल वैशाख २९ गतेका दिन डिभिजन वन कार्यालय सुनसरीद्वारा इटहरी उपमहानगरपालिका लेखिएको व्यानर लगाइएका को. १ ख ६५९९ को सवारी र सो सवारीका चालक भिम बहादुर बि.क., को. १ ख ६३३५ का सवारी चालक मिलन खड्का, प्र. नं. १-०२-००१ क ४०१३ को सवारी र सो सवारीका चालक श्याम कुमार मण्डल, को १ ख ७३७९ को सवारी र सो सवारीका चालक ओम बहादुर ठकुरी, को १ ख ७१३० को सवारी र सवारीका चालक दिनेश कुमार धामी सहित ५ वटा सवारी साधन र सवारी चालकहरुलाइ नियन्त्रणमा लिई सवारी चालकहरुलाइ दुर्व्यवहार गरी सवारी साधनमा राखिएका इटहरी उपमहानगरपालिका लेखिएको व्यानर समेत फ्याकी मिक्सगिट्टी संकलन तथा ओसार पसार गरेको भनी सूचना प्रकाशित गरिएकोमा हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा प (७) बमोजिम ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता बस्तु सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापनको व्यवस्था रहेको संक्षिप्त प्रारम्भिक वातावरणीय प्रतिवेदन अनुसार साथै इटहरी उपमहानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम मिक्सगिट्टी उत्खनन गरी नगर क्षेत्रको वाटो मर्मत गरिएको व्यहोरा अनुरोध छ । यसरी नगरको विकास निर्माण कार्यमा मिक्सगिट्टी ढुवानी भएको अबस्थामा नियन्त्रणमा लिएको सवारीहरु र सवारी चालकहरु विना शर्त तत्काल रिहाइ गर्नका निम्ति जोडदार माग गर्दछौं र निर्वादरुपमा मिक्सगिट्टी उत्खनन गरी विकास निर्माणको कार्यमा सहयोगी भूमिका निर्वाह गरिदिनहुन अनुरोध गर्दछु । साथै यस विषयमा सहयोग र समन्वयका लागि यस क्षेत्रबाट निर्वाचित प्रतिनिधि सभा र प्रदेश सभाका माननीय सदस्यहरु तथा जिल्ला तथा नगरमा क्रियाशिल राजनैतिक दलहरुलाइ समेत आग्रह र अनुरोध गर्दछु ।

धन्यवाद !

.................

दिवस पोखरेल
का.वा. नगर प्रमुख
इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुनसरी

CamScanner